# वीरगन्ज महानगरको पहिलो नगरसभा सम्पन्न

**तुलसी भण्डारी**
वीरगन्ज

गत आर्थिक वर्षभन्दा आन्तरिक आम्दानीको लक्ष्यलाई खुम्च्याउँदै वीरगन्ज महानगरपालिकाको प्रथम नगरसभाले चालू आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम पारित गरेको छ। स्थानीय सरकारका रूपमा परिणत भइसकेको मुलुककै कान्छो महानगरपालिका वीरगन्जले उपमहानगरपालिका हुँदाको भन्दा पनि आन्तरिक आयको लक्ष्य खुम्च्याई चालू आर्थिक वर्षका लागि नयाँ नीति तथा कार्यक्रम पारित गरेको हो।

पारित नयाँ नीति तथा कार्यक्रममा महानगरको प्राथमिकतामा १६ वटा विकास निर्माण र समृद्धिका प्राथमिकता उल्लेख गरिएको छ भने ५० वटा मुख्य नीति अघि सारिएको छ। यी प्राथमिकता र मुख्य नीतिलाई सफल पार्न चालू आर्थिक वर्षका लागि वीरगन्ज महानगरपालिकाले कुल ४ अर्ब २२ करोड २५ लाख ८९ हजार ८३९ रुपैयाँको अनुमानित आय प्रस्तुत गरेको छ।

वीरगन्ज महानगरपालिकाका नगर प्रमुख विजयकुमार सरावर्गीले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा महानगरको आन्तरिक आय भने कुल २१ करोड मात्र प्रस्तुत गरिएको थियो, जुन पारित भएको छ। गत आर्थिक वर्ष २०७३/७४ मा भने उपमहानगरपालिका हुँदा नै यो नगरको आन्तरिक आयको अनुमानित लक्ष्य २३ करोडको थियो। उपमहानगरपालिका हुँदाका १९ वटा वडा बढेर ३२ पुगेको र यत्रो ठूलो भूगोल र जनसंख्या समेट्दा पनि आम्दानीको अनुमानित लक्ष्य भने अझ खुम्च्याएर पाय: सबै बजेटका लागि महानगरपालिकाले केन्द्रतर्फ मुख फर्काउनु राम्रो कदम नभएको स्थानीय बुद्धिजीवीहरूले बताए।

महानगरले आम्दानीका स्रोत पहिचान र वृद्धि गर्न सके मात्र सधैं केन्द्रकै मुख ताक्नुपर्दैन। यतातर्फ महानगरको नयाँ नीति तथा कार्यक्रम चुकेको छ, उनीहरूले तर्क गरे। यसका लागि पहिलेका गाविसहरू जुन अहिले महानगरका वडा भएका छन्। तिनीहरूलाई समेटेर कृषि उद्योग र स्थानीय महत्त्वपूर्ण स्थललाई पर्यटनका रूपमा विकास गर्ने नयाँ नीति लिनुपर्ने उनीहरूको सुझाव छ।

पारित नीति तथा बजेटको कुल आयमा नेपाल सरकारको ससर्त अनुदान ३ अर्ब ४ करोड ६९ लाख ८९ हजार ४४५ रुपैयाँ, समानीकरण अनुदानबाट ९० करोड ७ लाख ६२ हजार ५५७ रुपैयाँ, राजस्व बाँडफाँटबाट ३ करोड, जनसहभागिताबाट २ करोड र अन्य आय ११ लाख तथा १ करोड ४७ लाख ३७ लाख ८३७ रुपैयाँ उल्लेख गरिएको छ। व्ययतर्फ चालू खर्चमा १ अर्ब २३ करोड ५९ लाख ६९ हजार, पुँजीगत खर्चमा २ अर्ब ९८ करोड ६६ लाख २१ हजार विनियोजन गरिएको छ।

यो कुल बजेटको चालूतर्फ २९ दशमलव २७ प्रतिशत र पुँजीगततर्फ ७० दशमलव ७३ प्रतिशत हो। विनियोजित बजेटको क्षेत्रगत विकासमा भने पूर्वाधार विकासतर्फ २ अर्ब ९४ करोड २१ लाख १२ हजार, सामाजिक विकासमा ५४ करोड ९३ लाख ६० हजार, आर्थिक विकासतर्फ १ करोड ५२ लाख १९ हजार, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रतर्फ १ करोड ८५ लाख संस्थागत विकास तथा सेवा प्रवाहतर्फ १ करोड ३ लाख ३६ हजार र कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ ६८ करोड ७० लाख ६२ हजारको बजेट विनियोजन गरेको नगर प्रमुख सरावर्गीले बताए।

नगर प्रमुख सरावगी आबद्ध पार्टी संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले मुख्य अतिथिका रूपमा महानगरपालिकाको पहिलो नगरसभा उद्घाटन गरे। अध्यक्ष यादवले स्थानीयको कालो झन्डा र नाराजुलुससहितको विरोधलाई छल्दै वीरगन्जको नगरसभागृहमा पुगी प्रमुख आतिथ्यता ग्रहण गरी उद्घाटनसहित सम्बोधन गरे। उनले प्रदेश २ को राजधानी वीरगन्जलाई नबनाई मुलुककै आर्थिक राजधानी बनाउनुपर्ने बताए। प्रदेश २ को प्रादेशिक राजधानी वीरगन्जलाई नबनाउन उनको हात छ भनी उनलाई प्रादेशिक राजधानी वीरगन्ज माग गर्दै १७ दिनदेखि आन्दोलनमा उत्रिएका स्थानीयले उनैलाई लक्षित गरी कालो झन्डासहित विरोध गरेका थिए। मधेस आन्दोलनका समयमा मधेस प्रदेशको राजधानी वीरगन्ज हुनुपर्छ भनी खुलेर भाषण गरेका अध्यक्ष यादवले पछिल्लो समयमा जनकपुर प्रादेशिक राजधानी बनाउन लबिङ गरेको स्थानीयको बुझाइ छ। फोरमका पर्सा अध्यक्ष तथा सांसद प्रदीप यादवले वीरगन्ज जसरी पनि राजधानी हुन्छ भनी सोही मञ्चबाट बोलेको ५ मिनेट बित्न नपाउँदै पार्टी अध्यक्ष उपेन्द्र यादवले भने वीरगन्ज आर्थिक राजधानी बनाउनुपर्छ भनी उनको कुरालाई घुमाउरो तरिकाले काटिदिएका थिए।

अध्यक्ष यादवले प्रशासनिक राजधानीका विषयमा 'स्केप' गरी वीरगन्जलाई मुलुककै आर्थिक राजधानी बनाउनुपर्नेमा जोड दिएपछि मधेसी दलका शीर्ष तहका कुनै नेता वीरगन्जलाई प्रादेशिक राजधानी बनाउन चाहँदैनन् भनी महानगरवासी भने अझ चिढिएका छन्। उनको भाषणको धेरै समय कार्यकर्तालाई प्रशिक्षण दिएकै शैलीमा फोरम नेपालका अधिकांश उम्मेदवारले जितेको वीरगन्ज महानगरमा राम्रो विकास निर्माण नभए पार्टी छवि राम्रो नहुने भन्ने थियो। फोरम नेपालले नगर मात्र होइन देश पनि चलाउन सक्छ भन्ने सन्देश यही नगरको काम गराइले दिनुपर्छ भन्नसमेत उनले भ्याए। 'नत्र जनताले औंलो उठाउँछन्,' उनले थपे।

औद्योगिक तथा व्यापारिक सहर, सुसंस्कृत सभ्य हाम्रो वीरगन्ज महानगर' भन्ने नाराका साथ सुरु भएको नगरसभा उद्घाटनलगत्तै आइतबार राति ९ बजेसम्ममा सबै नीति तथा कार्यक्रम पारित भएको वडाध्यक्षहरूले बताए। कार्यक्रममा वीरगन्जका पूर्वप्रमुख तथा पर्सा-२ क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित विमल श्रीवास्तवले नगरमा गर्नुपर्ने विकास निर्माणको फेहरिस्तकै बारेमा अर्थ्याई हरेक वर्ष गतिलो एउटा मात्र काम गरे पनि धेरै हुने सुझाव दिए। जनमुखी काम गरेर बृहत् भूगोल समेटिएको महानगरलाई समृद्ध बनाउनुपर्नेमा उनीलगायतका वक्ताले जोड दिएका थिए।